# जिचिकाइमा संलग्न भई बसोबास योग्य नगरको निर्माण गरौं !

## असंलग्न महानुभावका लागि

दैनिक जीवन बिताउँदा,फोहोरका समस्या तथा सडक वा नहर आदि वातावरणको तयारी, यातायात सुरक्षा वा अपराध नियन्त्रण जस्ता एक्लैले समाधान गर्न नसकिने विभिन्न समस्याहरू आइपर्छन् ।

विशेष गरी, भूकम्प आदि जस्ता ठूला विपद्का लागि चालिने कदममा, प्रत्येक स्थानीय बासिन्दाका परस्पर सम्बन्ध बलियो बनाई एकआपसमा सहयोगको भावना राख्नु आवश्यक हुन्छ ।

जिचिकाइ(स्थानिय सरकारी संगठन)ले, परस्परमा सहयोग गरी,मेलमिलापको नाता फैलाई समाजका यस किसिमका समस्यालाई सबैले समाधान गर्न भनी विभिन्न गतिविधिमा लागिपरेको छ ।

तपाईं पनि जिचिकाइमा संलग्न भई,विभिन्न किसिमका गतिविधिका माध्यामबाट बसोबास योग्य नगरको निर्माणमा भाग लिएर हेर्नुहोस् ।

## जिचिकाइ भन्नाले

जिचिकाइ भनेको, भाग्यवश एकै सामूहिक स्थानमा बसोबास गर्ने व्यक्तिहरू जो एकआपसमा सहयोग गरी जीवन बिताऔं भनी सोच्छन्, यस किसिमका स्थानिय बासिन्दाको सहयोगात्मक सिद्धान्तद्वारा गठित भएको संगठन हो ।

चु नगरमा, अधिकांश घर परिवार जिचिकाइमा संलग्न भएका छन् र स्वैच्छिक रूपमा नगर निर्माणमा लागिपरेका छन् ।

जिचिकाइको सञ्चालन, सङ्घका सदस्यहरूको चन्दा र नगरपालिकाले दिने उपदान आदिद्वारा स्वैच्छिक रूपमा गरिन्छ ।

## जिचिकाइमा संलग्न हुने तरिका

जिचिकाइमा संलग्न हुन चाहनेहरूले, आफू बस्ने समुदायको वडा जिचिकाइ अध्यक्षसँग सम्पर्क राख्नुहोस् ।



**तपाईँ बस्ने स्थानको जिचिकाइ**

**____________________________ जिचिकाइ हो ।**

**अवश्य संलग्न हुनुहोस् ।**

**सोधपुछका लागि जिचिकाइको सम्पर्क**

नाम :

ठेगाना :

टेलिफोन :

## जिचिकाइका प्रमुख

बसोबास योग्य नगर बनाउने उद्देश्य लिई, जिचिकाइमा प्रायजसो निम्न अनुसारका गतिविधिहरू हुने गर्छ ।

### स्वैच्छिक विपद् रोकथाम गतिविधि

दैवी प्रकोप आइलाग्दा,आपसमा सहयोग गर्न सकियोस् भनी स्वैच्छिक अग्नि नियन्त्रण समूहको गठन गरी, अग्नि नियन्त्रणका उपकरणको स्थापना वा अग्निका बेला कसरी भाग्ने भन्ने अभ्यास तथा अग्नि नियन्त्रणका अभ्यास आदि गरिन्छ ।

### फोहोरको अस्थायी सङ्कलन स्थलको व्यवस्थापन तथा वातावरणीय सुन्दरीकरण

घरेलु फोहोरको अस्थायी सङ्कलन स्थलको निर्माण तथा सम्भार-व्यवस्थापन गर्नुका साथै सडक वा पार्कको सरसफाइ आदि जस्तो समुदायको वातावरणीय सुन्दरीकरणका गतिविधिहरूमा लागिपरेको छ ।

### सार्वजनिक सुचनापत्रको वितरण तथा छिमेकमा पालैपाल□ पुर्याइने

जिचिकाइबाट आउने सुचना वा अञ्चल तथा नगरले प्रकाशित गर्ने सार्वजनिक सुचनापत्रको वितरण तथा छिमेक एक घरबाट अर्कोमा पालैपालो पुर्याइने गरिन्छ । साथै,पोस्टर आदि टाँसेर देखाउनका लागि सूचना पाटीको स्थापना गर्छ ।

### अपराध रोकथामका लागि बाटोमा बत्तीको स्थापना तथा सम्भार-व्यवस्थापन

राती अँध्यारो गल्ली आदि ढुक्क भएर आवतजावत गर्न सक्नु अपराध रोकथामका लागि बाटोमा बत्तीको स्थापना गरिएकोले नै हो । यस अपराध रोकथामका लागि बत्तीको स्थापना र सम्भार-व्यवस्थापन जिचिकाइले गर्छ ।

### यातायात सुरक्षा तथा अपराध नियन्त्रण गतिविधि

दुःखदायी सडक दुर्घटना तथा अपराध नियन्त्रण गर्नका लागि बासिन्दाहरूलाई सुचना उपलब्ध गराउने तथा गस्ती आदि गरी ढुक्कका साथ बसोबास गर्नयोग्य नगरको निर्माणमा लागिपर्छ ।

### मैत्रीक कार्यक्रमको आयोजना

सदस्यहरू बीचको आदानप्रदान र मैत्रीकताको लागि खेलकुद कार्यक्रम वा जात्रा तथा यात्रा आदि सजिलै भाग लिन सकिने कार्यक्रमहरू गरिन्छ ।

### समाज कल्याण गतिविधि

समाज कल्याण सहयोग संघसँग समन्वय राखी समुदायको सामाजिक कल्याणको उन्नतीका लागि मेहनत गर्छ ।

### सम्बन्धित संगठनसंगको सहयोग

बालबालिका संगठन वा पौढ संगठनआदि समुदाय भित्रको सम्बन्धित संगठनको गतिविधिलाई समर्थन तथा सहयोग पुर्याउछ ।

## चु नगरको जिचिकाइको सङ्गठनात्मक संरचना

| | |
|---|---|
| चु नगर जिचिकाइ संघिय संगठन | चु नगर सम्पुर्ण क्षेत्रको संघिय संगठन हो |
| चु नगर जिचिकाइ संघिय संगठनका हरेक संगठनहरू | पुराना नगर तथा गाउँका एकाइमा गठन भएका छन् । |
| वडा जिचिकाइ संघिय संगठन | विशेष गरी प्राथमिक विद्यालयका एकाइमा गठन भएका छन् । |
| एकाइ जिचिकाइ | नगर भित्र लगभग १,००० वटा जिचिकाइ गठन भएका छन् । |
| सदस्य (स्थानीय बासिन्दाहरू) | |